श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. १६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### पञ्चायतका वर्गीय संगठनहरूको स्थापना, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न र पञ्चायतको कुनै निकायको सदस्य हुन कुनै वर्गीय संगठनको सदस्य हुनु पर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपालको संविधानको धारा ६७ क. अनुसार पञ्चायतका वर्गीय संगठनहरूको गठन, काम, कर्तव्य र अधिकार र पञ्चायतको कुनै निकायको सदस्य हुन तथा कायम रहन अनिवार्य रूपले कुनै एक वर्गीय संगठनको सक्रिय सदस्य हुनु पर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "वर्गीय संगठन ऐन, २०३३" रहेको छ।

६९३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्य भर हुनेछ ।

(३) दफा १, २३ र २८ तुरुन्त प्रारम्भ हुनेछन् र अरू दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "किसान" भन्नाले आफ्नो शारीरिक श्रमले खेती गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ख) "मजदूर" भन्नाले कुनै उद्योग, मील, कारखाना वा यातायातको साधनमा आफ्नो शारीरिक श्रमले कुनै मजूरी वा पारिश्रमिक लिई काम गर्ने व्यक्ति सम्झनु पर्छ र यो शब्दले मजूरी लिई मालसामान बोकेर परिबहन गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ग) "भूतपूर्व सैनिक" भन्नाले शाही नेपाली सेना, काली दल, छ्यास कम्पनी, शार्दुल जंग, समर जंग, रण शार्दुल लगायत सबै मिलिसिया वा अन्य राष्ट्रको सैनिक सेवामा कम्तीमा एक वर्ष काम गरी अवकाश पाएका, राजीनामा गरेका वा खारेजीमा परेका व्यक्ति सम्झनु पर्छ ।

(घ) "संगठन" भन्नाले दफा ३ अनुसार स्थापना भएको वर्गीय संगठन सम्झनु पर्छ ।

(ङ) "कार्य समिति" भन्नाले संगठनको प्रारम्भिक वा जिल्ला कार्य समिति सम्झनु पर्छ ।

(च) "पदाधिकारी" भन्नाले कार्य समितिको सभापति, सचिव र कोषाध्यक्ष सम्झनु पर्छ ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२
## संगठनको स्थापना

३. संगठनको स्थापना : देहाय बमोजमको संगठनहरूको स्थापना हुनेछ र ती संगठनहरूको चिह्न र झण्डा तोकिए बमोजिम हुनेछ :–

(क) नेपाल किसान संगठन,

(ख) नेपाल युवक संगठन,

(ग) नेपाल महिला संगठन,

(घ) नेपाल प्रौढ संगठन,

(ङ) नेपाल मजदूर संगठन,

(च) नेपाल भूतपूर्व सैनिक संगठन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. संगठनका उद्देश्यहरू : संगठनका उद्देश्यहरू देहाय बमोजिमका हुनेछन् :–

(क) आ-आफ्नो वर्गलाई देश र नरेशप्रतिको आफ्नो उत्तरदायित्व र कर्तव्य प्रति जागरूक राखी उनीहरूको शक्तिलाई संगठीत गरी राष्ट्रिय निर्माणमा लगाउने,

(ख) स्थानीय पञ्चायतद्वारा निर्धारित कार्यक्रमको सफल कार्यान्वयनको लागि जन-परिचालन गर्ने,

(ग) दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली र वर्ग सामञ्जस्य तथा सहयोगको सिद्धान्तलाई सुदृढ तुल्याउन आ-आफ्नो वर्गलाई प्रयत्नशील गराउने,

(घ) आ-आफ्नो वर्गको सामूहिक शक्तिलाई अरू संगठनहरूसंग कार्यक्रमको आधारमा समन्वय र सामञ्जस्य ल्याउने,

(ङ) आ-आफ्नो वर्गको सर्वतोमुखी हित र विकासको लागि काम गर्ने।

५. सदस्यता : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही, देहायका व्यक्ति देहायका संगठनको साधारण सदस्य हुन सक्नेछन् :–

(क) १८ वर्ष उमेर पुगेको किसान, नेपाल किसान संगठनको,

(ख) १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको युवक वा युवती, नेपाल युवक संगठनको,

(ग) १८ वर्ष उमेर पुगेकी महिला, नेपाल महिला संगठनको,

(घ) ४० वर्ष नाघेको व्यक्ति, नेपाल प्रौढ संगठनको,

(ङ) १८ वर्ष उमेर पुगेको मजदूर, नेपाल मजदूर संगठनको, र

(च) १८ वर्ष उमेर पुगेको भूतपूर्व सैनिक, नेपाल भूतपूर्व सैनिक संगठनको।

(२) संगठनको सक्रिय सदस्य हुनको लागि उप-दफा (१) मा लेखिएको अतिरिक्त देहाय बमोजिमको थप योग्यता हुनु पर्नेछ :–

(क) गाउँफर्क राष्ट्रिय अभियान समिति, राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत, नगर पञ्चायत, गाउँ पञ्चायत, नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठन मध्ये कुनै एकको सदस्य भै काम गरेको,

(ख) कम्तीमा दुई वर्ष संगठनको साधारण सदस्य भई सक्रियता पूर्वक काम गरेको आधारमा दफा १४ बमोजिमको सदस्यता अभियान समितिले सक्रिय सदस्य बनाउन योग्य ठहराएको, वा

(ग) गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले सक्रिय सदस्य हुन योग्य छ भनी अनुमोदन गरेको।

६. अयोग्यता : देहाय बमोजिमको अयोग्यता भएको कुनै व्यक्ति कुनै संगठनको कुनै तहको सदस्य हुन वा रहन सक्ने छैन :– ६९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) गैर-नेपाली नागरिक,

(ख) मगज बिग्रेको,

(ग) निर्वाचन सम्बन्धी अपराधमा कुनै अदालतबाट १ महीनाभन्दा बढी कैदको सजाय भई त्यस्तो सजाय भोगी सकेको मितिले १ वर्षको अवधि ननाघेको

(घ) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भई सो बापत ६ महीनाभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय [illegible] सकेको मितिले ५ वर्षको अवधि ननाघेको ।

७. पदावधि: सभापति बाहेक प्रत्येक संगठनको कार्य समितिको सदस्यको पदावधि चार वर्षको हुनेछ ।

८. कार्य समितिको सदस्यता कायम नरहने: (१) कुनै संगठनको सम्बन्धित कार्य समितिको सदस्यता देहायको अवस्थामा कायम रहने छैन:–

(क) संगठनको प्रारम्भिक कार्य समितिको सभापतिले सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिमा र जिल्ला कार्य समितिको सभापतिले सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिमा र अन्य पदाधिकारी तथा सदस्यले सम्बन्धित कार्य समितिको सभापति समक्ष आफ्नो हस्ताक्षरले राजीनामा दिएमा,

(ख) आचार संहिता उल्लङ्घन गरे बापत हटाइएकोमा,

(ग) सक्रिय सदस्य नरहेमा, वा

(घ) कुनै कानूनले अयोग्य भएमा ।

(२) कुनै व्यक्तिको प्रारम्भिक कार्य समितिको सदस्यता कायम नरहेमा नि[illegible] सम्बन्धित जिल्ला कार्य समितिको सदस्यता स्वत: समाप्त हुनेछ ।

(३) सम्बन्धित पञ्चायतमा कार्य समितिको सभापतिको पदावधि समाप्त भएमा निज स्वत: सभापति पदबाट हट्ने छ ।

९. बढी संगठनको कार्य समितिको सदस्य हुन नसक्ने: कुनै व्यक्ति एकभन्दा बढी संगठनको कार्य समितिको सदस्य हुन सक्ने छैन ।

## परिच्छेद–३

## संगठनको गठन, काम, कर्तव्य र अधिकार

१०. प्रारम्भिक परिषद्: नगर पञ्चायत क्षेत्रमा भएका वडाहरूलाई सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले तोके अनुसार बढीमा नौ वडासम्मको एक क्षेत्र र सम्पूर्ण गाउँ पञ्चायत क्षेत्रलाई एक क्षेत्र कायम गरी प्रत्येक क्षेत्रमा संगठनको प्रारम्भिक परिषद् गठन हुन सक्नेछ । ६१५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, प्रारम्भिक परिषद् गठन गर्नलाई तोकिए बमोजिमको संख्यामा सक्रिय सदस्य हुनु अनिवार्य हुनेछ ।

११. प्रारम्भिक कार्य समिति: (१) संगठनको प्रारम्भिक परिषद् गठन भएको प्रत्येक क्षेत्रमा संगठनको प्रारम्भिक कार्य समिति गठन हुनेछ ।

(२) प्रारम्भिक कार्य समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:–

(क) नगर पञ्चायत क्षेत्रमा सम्बन्धित नगर पञ्चायत र गाउँ पञ्चायत क्षेत्रमा सम्बन्धित गाउँ पञ्चायतका सदस्यहरूमध्ये गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले तोकेको व्यक्ति सभापति,

(ख) प्रारम्भिक परिषद्का सक्रिय सदस्यहरूले आफूमध्येबाट निर्वाचन गरेका चारजना सदस्य ।

(३) प्रारम्भिक कार्य समितिका सदस्यहरूमध्ये सभापतिले तोकेको सदस्यहरू समितिको सचिव र कोषाध्यक्ष हुनेछन् ।

(४) प्रारम्भिक कार्य समितिको सभापति सम्बन्धित प्रारम्भिक परिषद्को पदेन सभापति हुनेछ ।

१२. जिल्ला कार्य समिति: (१) प्रत्येक जिल्लामा संगठनको जिल्ला कार्य समिति गठन हुन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम गठन भएको जिल्ला कार्य समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:–

(क) जिल्ला पञ्चायतको सदस्यहरूमध्ये सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले तोकेको व्यक्ति सभापति,

(ख) जिल्ला पञ्चायत ऐन, २०१९ को दफा १४ को उप-दफा (२) मा उल्लेख भए बमोजिम जिल्लाभित्रका नौ इलाकामा प्रत्येक इलाकाभित्र पर्ने विभिन्न प्रारम्भिक कार्य समितिका सदस्यहरूले आफूमध्येबाट निर्वाचन गरी पठाएको एकजनाको दरले नौ इलाकाबाट हुन आउने नौ जना सदस्य ।

(३) उप-दफा (१) मा जेसुकै लेखिएको भए तापनि कुनै जिल्लाको कुनै इलाकाभित्र कुनै प्रारम्भिक कार्य समिति गठन हुन सकेको रहेनछ भने बाँकी इलाकाभित्रका प्रारम्भिक कार्य समितिबाट उप-दफा (२) को खण्ड (ख) मा लेखिए बमोजिम निर्वाचन भई आएका सदस्यहरूबाटै जिल्ला कार्य समिति गठन हुन सक्नेछ ।

तर, यस उप-दफा बमोजिम जिल्ला कार्य समिति गठन हुँदा कम्तीमा सभापति बाहेक ३ जना सदस्य हुन अनिवार्य हुनेछ र तीनजना सदस्य नपुगी एक वा दुई मात्र सदस्य निर्वाचित भएमा तीन सदस्यको कार्य समिति बनाउन नपुग हुन आउने सदस्य सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले प्रारम्भिक कार्य समितिका सदस्यहरूबाट तोकिदिनेछ ।

६९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) जिल्ला कार्य समितिका सदस्यहरूमध्ये सभापतिले तोकेका सदस्यहरू सचिव र कोषाध्यक्ष हुनेछन् ।

(५) प्रारम्भिक कार्य समितिका सभापति जिल्ला कार्य समितिको सदस्यको निर्वाचनमा उमेदवार हुन पाउने छैन ।

१३. कार्य समितिको सदस्यता कायम रहने: दफा ५ को उप-दफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल युवक संगठनको कुनै सक्रिय सदस्यको उम्... प्रारम्भिक वा जिल्ला कार्य समितिको सदस्यमा निर्वाचित भएपछि चालीस वर्ष नाघे तापनि आफ्नो पदावधिसम्म निज सो पदमा कायम रहनेछ ।

तर, सो अवधिभित्र उक्त संगठनको कुनै निर्वाचनमा भाग लिन पाउने छैन ।

१४. सदस्यता अभियान समिति: (१) दफा १० मा उल्लेख भए बमोजिमको प्रत्येक क्षेत्रमा सदस्यता अभियान समिति गठन गरिने छ र त्यस्तो समितिले संगठनको साधारण र सक्रिय सदस्यता तोकिए बमोजिम प्रदान गर्नेछ ।

(२) देहाय बमोजिमको सदस्यता अभियान समितिमा देहाय बमोजिमको सदस्यहरू रहनेछन्:–

(क) गाउँ पञ्चायत क्षेत्रमा खडा भएको सदस्यता अभियान समितिमा सम्बन्धित गाउँ पञ्चायतको प्रधानपञ्च, उप–प्रधानपञ्च र गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले उक्त पञ्चायतका मनोनीत सदस्यहरूमध्ये तोकेको व्यक्ति,

(ख) नगर पञ्चायत क्षेत्रमा खडा भएको सदस्यता अभियान समितिमा नगर पञ्चायतका सम्बन्धित वडाका सदस्यहरू र गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले उक्त पञ्चायतका मनोनीत सदस्यहरूमध्ये तोकेको व्यक्ति ।

१५. परिषद्को बैठक: संगठनको प्रारम्भिक परिषद्को बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१६. परिषद्को कर्तव्य तथा अधिकार: संगठनको प्रारम्भिक परिषद्को कर्तव्य तथा अधिकार देहाय बमोजिमको हुनेछ:–

(क) प्रारम्भिक कार्य समितिको काममा सहयोग, सुझाव र सल्लाह दिने, र

(ख) तोकिए बमोजिम अरू कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने ।

१७. कार्य समितिको बैठक: कार्य समितिको बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१८. कार्य समितिको कर्तव्य र अधिकार: (१) प्रारम्भिक कार्य समितिको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:–

६१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) वार्षिक कार्यक्रम बनाउन सम्बन्धित नगर वा गाउँ पञ्चायतलाई सहयोग, सुझाव र सल्लाह दिने, त्यस्तो कार्यक्रम सफलतापूर्वक कार्यान्वियन गर्न जनपरिचालनमा सघाउ पुऱ्याउने र सो कार्यक्रम बारे सम्बन्धित जिल्ला कार्य समितिलाई जानकारी दिने,

(ख) वर्षभरमा भएको कामको प्रतिवेदन सम्बन्धित नगर वा गाउँ पञ्चायतमा पठाउने र सोको जानकारी प्रारम्भिक परिषद्को बैठकलाई दिने,

(ग) प्रगति विवरण तयार गरी सम्बन्धित नगर वा गाउँ पञ्चायत र जिल्ला कार्य समितिमा पठाउने,

(घ) आय-व्ययको हिसाब लेखा परीक्षण गराई प्रतिवेदनसाथ सम्बन्धित नगर वा गाउँ पञ्चायतमा पठाउने, र

(ङ) तोकिए बमोजिम अरू कर्तव्यको पालन र अधिकारहरूको प्रयोग गर्ने।

(२) जिल्ला कार्य समितिको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) प्रारम्भिक कार्य समितिले पठाएको कार्यक्रम र प्रगति विवरणउपर विचार गरी आफ्नो राय दिने,

(ख) विभिन्न प्रारम्भिक कार्य समितिहरूमा समन्वय ल्याउने, र

(ग) तोकिए बमोजिम अरू कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने।

१९. पदाधिकारीको काम, कर्तव्य र अधिकार: पदाधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

परिच्छेद–४

निर्वाचन

२०. निर्वाचन सञ्चालन गर्ने: (१) सदस्यता अभियान समितिले सम्बन्धित प्रारम्भिक कार्य समितिका सदस्यहरूको निर्वाचन सञ्चालन गर्नेछ।

(२) जिल्ला कार्य समितिका सदस्यहरूको निर्वाचन देहायका सदस्यहरू भएको समितिले गराउनेछ:–

(क) सम्बन्धित जिल्ला पञ्चायतका सभापति – – सदस्य

(ख) सम्बन्धित जिल्ला पञ्चायतका उप-सभापति – – सदस्य

(ग) सम्बन्धित जिल्ला पञ्चायतका मनोनीत सदस्यहरूमध्ये सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले तोकेको व्यक्ति – – – – सदस्य

(३) निर्वाचनको कार्यविधि तोकिए बमोजिम हुनेछ।

२१. निर्वाचन सम्बन्धी उजूरी: (१) प्रारम्भिक कार्य समितिको निर्वाचन सम्बन्धी उजूरी गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिमा र जिल्ला कार्य समितिको निर्वाचन सम्बन्धी उजूरी गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिमा लाग्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम उजूरी सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान समितिबाट वा सो समितिबाट तोकेको अधिकारीबाट कारवाई र किनारा हुनेछ र सो समिति वा अधिकारीबाट भएको निर्णय अन्तिम हुनेछ ।

(३) निर्वाचन सम्बन्धी उजूर फछ्र्यौट गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२२. रिक्त स्थानमा निर्वाचनः संगठनको कुनै कार्य समितिको सदस्यको पदावधि समाप्त नहुँदै निजको स्थान रिक्त हुन गएमा सो रिक्त स्थानको बाँकी अवधिको लागि मात्र निर्वाचन हुन सक्नेछ ।

## परिच्छेद–५
## वर्गीय संगठनको केन्द्रीय सल्लाहकार समिति

२३ केन्द्रीय सल्लाहकार समितिः (१) वर्गीय संगठनहरूको सम्बन्धमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिलाई सल्लाह, सुझाव तथा सहयोग दिनको लागि एक केन्द्रीय सल्लाहकार समिति रहनेछ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा प्रत्येक संगठनबाट चारजनाको हिसाबले गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिद्वारा मनोनीत जम्मा चौबीस जना सदस्यहरू रहनेछन् ।

(३) उप-दफा (२) बमोजिम सदस्य मनोनयन गर्दा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले आ-आफ्नो संगठनको काममा योगदान गरेको आधारमा प्रत्येक विकास क्षेत्रबाट एकजना पर्ने गरी मनोनयन गर्नेछ ।

(४) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले आफूमध्येबाट तोकेको व्यक्ति उक्त सल्लाहकार समितिको अध्यक्ष हुनेछ ।

(५) केन्द्रीय सल्लाहकार समितिले विदेशस्थित समान प्रकारका संगठन तथा अन्तर-राष्ट्रिय संघ संस्थाहरूसंग सम्पर्क राख्नेछ ।

(६) केन्द्रीय सल्लाहकार समितिको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–६
## विविध

२४. पञ्चायतको सदस्य हुन संगठनको सदस्य हुनु पर्नेः कुनै व्यक्ति पञ्चायतको कुनै पनि तहको निकायको सदस्य पदमा निर्वाचित हुन र कायम रहन कुनै एक संगठनको सक्रिय सदस्यता प्राप्त गर्नु अनिवार्य हुनेछ ।

२५. तल्लो तहको गाउँफर्क राष्ट्रिय अभियान गठन नभएको अवस्थामा माथिल्लो तहले गर्नेः गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति गठन नभएको अवस्थामा यो ऐन बमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उक्त जिल्ला समितिले गर्नु पर्ने काम गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले र गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति गठन नभएको अवस्थामा उक्त अञ्चल समिति र गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति समेतले यो ऐन बमोजिम गर्नु पर्ने काम गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले गर्नेछ।

२६. नियम बनाउने अधिकारः (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपारी ती नियमहरूमा देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछः—

(क) सक्रिय सदस्यता कायम नरही साधारण सदस्य हुने अवस्था बारे,

(ख) सदस्यता शुल्क र सदस्यता नवीकरण गर्ने बारे।

२७. बाधा अडकाउ फुकाउनेः यो ऐनमा लेखिएको कुनै कुरा कार्यान्वित गर्न बाधा अडकाउ परेमा श्री ५ को सरकारले त्यस्तो बाधा अडकाउ फुकाउन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ ।

२८. खारेजीः (१) निम्नलिखित ऐन बमोजिम स्थापना भएका केन्द्र र अञ्चलस्तरका संगठन र ती ऐनमा भएका तत्सम्बन्धी व्यवस्थाहरू खारेज गरिएका छन्:—

(क) नेपाल किसान संगठन ऐन, २०२५

(ख) नेपाल युवक संगठन ऐन, २०२५

(ग) नेपाल महिला संगठन ऐन, २०२५

(घ) नेपाल भूतपूर्व सैनिक संगठन ऐन, २०२५

(२) उप-दफा (१) अनुसार खारेज भई सोही उप-दफामा उल्लेख गरिएका ऐनहरूमा बाँकी रहेका प्रारम्भिक र जिल्ला संगठन सम्बन्धी व्यवस्थाहरू जुन जुन क्षेत्रमा यो ऐनको दफा २४ बाहेक बाँकी अन्य दफाहरू लागू हुँदै जानेछन्,तत् तत् क्षेत्रमा उक्त ऐनहरू निष्क्रिय हुनेछन् र यो ऐनको दफा २४ बाहेक अरू बाँकी सबै दफाहरू नेपाल अधिराज्यभर लागू भएपछि उप-दफा (१) मा उल्लेख गरिएका सबै ऐनहरू स्वतः खारेज भएको मानिनेछ।

(३) नेपाल मजदूर संगठन ऐन, २०२५ मा रहेको नेपाल मजदूर केन्द्रीय परिषद्, नेपाल मजदूर केन्द्रीय कार्य समिति र नेपाल मजदूर संगठन केन्द्रीय अधिवेशन र सो ऐनमा भएको तत्सम्बन्धी व्यवस्था खारेज गरिएका छन् ।

(४) उप-दफा (३) अनुसार खारेज भई सोही उप-दफामा उल्लेख गरिएको ऐनमा बाँकी रहेका प्रारम्भिक औद्योगिक मजदूर सभा, प्रारम्भिक यातायात मजदूर सभा, औद्योगिक मजदूर प्रारम्भिक कार्य समिति, यातायात मजदूर प्रारम्भिक कार्य समिति, औद्योगिक मजदूर केन्द्रीय सभा, यातायात मजदूर केन्द्रीय सभा, औद्योगिक मजदूर केन्द्रीय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६२९

कार्य समिति, यातायात मजदूर केन्द्रीय कार्य समिति सम्बन्धी व्यवस्था जुन जुन क्षेत्रमा यो ऐनको दफा २४ बाहेक बाँकी दफाहरू लागू हुँदै जानेछन्, तत् तत् क्षेत्रमा उक्त ऐन निष्क्रिय हुनेछ र यो ऐनका दफा २४ बाहेक अरू सबै बाँकी दफाहरू नेपाल अधिराज्यभर लागू भए पछि नेपाल मजदूर संगठन ऐन, २०२५ स्वतः खारेज भएको मानिनेछ।

(५) यो ऐनको दफा ३ कुनै क्षेत्रमा लागू भई सो दफा अन्तर्गत चिह्न र झण्डा तोकिएपछि निम्नलिखित ऐन अन्तर्गत गठन भएका संगठनहरूले पनि आफू कायम रहेसम्म सोही चिह्न र झण्डा प्रयोग गर्नेछन् र उक्त ऐनहरूमा भएको चिह्न र झण्डा सम्बन्धी व्यवस्था खारेज भएको मानिनेछः–

(क) नेपाल किसान संगठन ऐन, २०२५

(ख) नेपाल युवक संगठन ऐन, २०२५

(ग) नेपाल महिला संगठन ऐन, २०२५

(घ) नेपाल मजदूर संगठन ऐन, २०२५

(ङ) नेपाल भूतपूर्व सैनिक संगठन ऐन, २०२५

(६) पञ्चायत सदस्यहरूको वर्गीय र व्यावसायिक संगठनको सदस्यता सम्बन्धी ऐन, २०२६ खारेज गरिएको छ।

२९. वर्गीय संगठन अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यसको परिणामः वर्गीय संगठन अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि गरिएको अन्य कुनै काम वा भोगी सकेको कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू गर्न सकिनेछ।

लालमोहर सदर मितिः– २०३३।४।२८।५

आज्ञाले–

हरिप्रसाद शर्मा

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।